पञ्चेश्वर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## शिक्षा, युवा तथा खेलकुद शाखा

आम्चौरा, बैतडी

सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या :-२०८१/०८२

मितिः-२०८२/०३/३२

चलानी नं.-४६ (शिक्षा, युवा तथा खेलकुद शाखा)

नेपाल संवतः ११४५ दिल्लागा षष्ठी -२१

विषय :- आ.व. २०८१/०८२ को सम्पत्ति विवरण बुझाउने सम्बन्धमा ।

श्री सामुदायिक विद्यालय तथा शिक्षण संस्थाहरु सबै,
श्री सामुदायिक विद्यालय तथा शिक्षण संस्थाहरुमा कार्यरत शिक्षक कर्मचारीहरु सबै,
पञ्चेश्वर गाउँपालिका, बैतडी ।

प्रस्तुत विषयमा श्री शिक्षा विकास तथा समन्वय इकाई बैतडीको च.नं. १५१२, मिति २०८२/०३/११ को प्राप्त पत्रानुसार भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० उपदफा (१) तथा अख्तियार दुरुपयोग अनुसन्धान ऐन, २०४८ को दफा ३१ (क) बमोजिम प्रत्येक शिक्षक/कर्मचारीले आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत र निस्सासहितको अद्यावधिक सम्पत्ति विवरण तोकिए बमोजिमको निकायमा पेस गर्नुपर्ने कानुनी प्रावधान भएकोले यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरूमा कार्यरत सबै प्रकारका शिक्षक/कर्मचारीहरूले आ.व. २०८१/०८२ को सम्पत्ति विवरण फाराम तोकिएको ढाँचामा भरी तपसिल बमोजिम पेश गर्ने व्यवस्था मिलाउनु हुन अनुरोध गरिन्छ ।

१. <u>स्थायी शिक्षकहरूको सम्पत्ति विवरण सम्बन्धित शिक्षक स्वयमले २०८२ साल श्रावण १ गतेदेखि भाद्र २९ गतेभित्र अनिवार्य रूपमा राष्ट्रिय किताबखाना (शिक्षक) म्युजियम मार्ग छाउनी काठमाण्डौंमा बुझाउनु हुन वा सोही मितिभित्र दर्ता हुने गरी छिटो माध्यमबाट स्वयमले पठाउनु हुन,</u>
२. विद्यालयमा कार्यरत करार, अनुदान कोटा, बालविकास सहजकर्ता, विद्यालय कर्मचारी र अन्य सबै प्रकारका शिक्षकहरुले मिति २०८२ श्रावण १ गतेदेखि २०८२ भाद्र १५ गतेसम्म यस गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नुहुन,
३. अध्ययन बिदा, असाधारण बिदा र अन्य बिदा, लामो बिदा/काज वा निलम्बनमा रहेका शिक्षक/कर्मचारीले सार्वजनिक पद धारणा गरेकै अवस्था हुने भएकोले तोकिएको समय सिमाभित्र सम्पत्ति विवरण बुझाउने दायित्व सम्बन्धित शिक्षकको नै हुने,
४. आ.व. २०८१/०८२ भित्र (अर्थात २०८१ श्रावण १ गतेदेखि २०८२ आषाढ मसान्तसम्म) सेवानिवृत्त भएका शिक्षक/कर्मचारीले समेत अनिवार्य रुपमा सम्पत्ति विवरण बुझाउनु हुन,
५. संकेत नं. नमिलेको, खाममा पूर्ण विवरण उल्लेख नगरिएको र तोकिएको मितिभन्दा पछि प्राप्त भएको सम्पत्ति विवरणलाई प्राप्त नभए सरह मानी अभिलेख नराखिने हुँदा खाम बाहिरको विवरण भर्दा सफा र केरमेट नगरी भर्नु हुन,
६. सम्पत्ति विवरण दर्ताको जानकारी सम्बन्धित शिक्षकले उल्लेख गरेको मोबाइल नं. मा SMS बाट प्राप्त हुने हुँदा ६० दिनभित्र SMS प्राप्त नभएमा किताबखानामा सम्पर्क गर्नु हुन,
७. नयाँ स्थायी नियुक्त भई सिटरोल बुझाँउदा सम्पत्ति विवरण बुझाएका शिक्षकहरूले समेत अनिवार्य रुपमा सम्पत्ति विवरण बुझाउनु हुन ।

पुनश्चः सम्पत्ति विवरण फाराम किताबखानाको website www.stro.gov.np मा उपलब्ध रहेको र सम्पत्ति विवरण बुझाउन प्रयोग गर्नुपर्ने खामको ढाँचा यसैसाथ संलग्न गरिएको छ ।

२०८२।०३।३२

(माहामल सिंह घटाल)
शिक्षा अधिकृत

माहामल सिंह घटाल
शिक्षा अधिकृत

बोधार्थः
श्री शिक्षा विकास तथा समन्वय इकाई, बैतडी ।

पञ्चेश्वर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## शिक्षा, युवा तथा खेलकुद शाखा

आम्चौरा, बैतडी

सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या :-२०८१/०८२

मितिः-२०८२/०३/३२

चलानी नं.-

नेपाल संवतः ११४५ दिल्लागा षष्ठी -२१

स्थायी शिक्षकले सम्पत्ति विवरण बुझाउन खाममा लेख्ने विवरणको ढाँचा :

आ.व. २०८१/०८२ को सम्पति विवरण

| पठाउने | पाउने |
|---|---|
| शिक्षकको संकेत (सिटरोल) नं.<br>शिक्षकको नाम थर :<br>तह :<br>श्रेणी :<br>मोवाइल नं.:<br>कार्यरत विद्यालयको नाम र पुरा ठेगाना :<br>कार्यरत विद्यालयमा हाजिर भएको मिति :<br>कार्यरत प्रदेश :<br>कार्यरत जिल्ला :<br>कार्यरत स्थानीय तह : | श्री राष्ट्रिय किताबखाना (शिक्षक) म्युजियम मार्ग छाउनी काठमाण्डौं । |

अन्य शिक्षक/कर्मचारीले सम्पत्ति विवरण बुझाउन खाममा लेख्ने विवरणको ढाँचा :

आ.व. २०८१/०८२ को सम्पति विवरण

| पठाउने | पाउने |
|---|---|
| शिक्षक/कर्मचारीको नाम थर :<br>नियुक्तिको किसिम :<br>तह :<br>श्रेणी :<br>मोवाइल नं.:<br>कार्यरत विद्यालयको नाम र पुरा ठेगाना :<br>कार्यरत विद्यालयमा हाजिर भएको मिति :<br>कार्यरत प्रदेश :<br>कार्यरत जिल्ला :<br>कार्यरत स्थानीय तह : | श्री पञ्चेश्वर गाउँ कार्यपालिकाको कार्यालय आम्चौरा, बैतडी । |

पुनश्च :

नियुक्तिको किसिममा करार, राहत, बालविकास सहजकर्ता, विद्यालय कर्मचारी, शिक्षण सहयोग अनुदान, गाउँपालिका अनुदान लगायत अन्य जे हो सोही उल्लेख गर्नु हुन।

महामल सिंह घटाल
शिक्षा अधिकृत